फोन. ०८१-५३६१५१,५३६३३८,५३५
टोलफी नं. १६६० ८१ ५२०५२
वेभसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगञ्ज, बाँके जिल्ला

लुम्बिनी प्रदेश, नेपाल ।

(दोश्रो तथा अन्तिम पटक प्रकाशित मिति २०८०।१२।२० गते)

**लोकसेवा आयोगबाट सञ्चालन हुने विज्ञापन अन्तर्गत् (क) प्राविधिक तर्फ अहेव, हेल्थ असिस्टेण्ट, अनमी र स्टाफ नर्स (ख) अप्राविधिक तर्फ खरिदार र नायब सुब्बा पदको तयारी कक्षा लिन ईच्छुक प्रशिक्षार्थीहरुलाई दरखास्त फारम भर्ने वारे अन्तिम पटक प्रकाशित सूचना**

सामाजिक तथा आर्थिक दृष्टिकोणबाट विपन्न महिला, मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाति, थारु, सीमान्तकृत लोपोन्मुख अल्पसंख्यक, फरक क्षमता, फरक पहिचान, अपाङ्गता, द्वन्द पिडित, गरिब किसान र मजदूर अन्तर्गत् जुनसुकै वर्ग, समूहका **युवायुवतिहरुलाई लोकसेवा आयोगद्धारा लिईने प्रतिस्पर्धात्मक परीक्षाको (क) प्राविधिक तर्फ अहेव, हेल्थ असिस्टेण्ट, अनमी र स्टाफ नर्स (ख) अप्राविधिक तर्फ खरिदार र नायब सुब्बा पदको तयारी कक्षा** सञ्चालन हुने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली युवा, युवतीहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात् मिति २०८० साल चैत्र २६ गते भित्र तपशिल बमोजिमका कागजात सहित नगर कार्यपालिका कार्यालयको सामाजिक, गैसस तथा साझेदारी विकास शाखामा दरखास्त पेश गर्नुहुन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च:** सूचना र दरखास्त फारम यस कार्यालयको वेभसाइट www.nepalgunjmun.gov.np बाट प्राप्त गर्न सकिनेछ साथै दरखास्त फारम डाउनलोड गरि विवरण भरि आवश्यक कागजात सहित यस कार्यालयमा पेश गर्न सकिनेछ । साथै उक्त सूचना र फारम वडा कार्यालयहरुको ईमेल ठेगानामा पठाईएको व्यहोरा सवैमा जानकारी गराईन्छ ।

| सहभागीको योग्यता | संलग्न हुनुपर्ने कागजहरु |
|---|---|
| (१) उप-महानगरपालिकाको स्थायी बासिन्दा, (२) नेपाली नागरिक, (३) न्यूनतम एस.एल.सी./प्लसटु वा सो सरहको शैक्षिक योग्यता पुरा गरेको, (४) १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) । ( उल्लेखित पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ ।) | (१) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि (२) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि (३) बसाई सरी आएको भए बसाई सराईको प्रमाणपत्र वा वडा कार्यालयले स्थायी रुपमा बसोवास गरेको छ भनि प्रमाणित गरेको पत्र, (४) दरखास्त फारम । |

नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय बाँके ।